आज मिति २०८० साल माघ महिनाको १७ गतेका दिन दिउसो १ बजे यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहाएका प्रस्तावहरु माथि छलफल गरी निम्न अनुसारका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वीर बहादुर गिरी | अध्यक्ष | |
| २ | श्री नर बहादुर गिरी | उपाध्यक्ष | |
| ३ | श्री ऐन बहादुर गिरी | सदस्य गाउँकार्यपालिका | |
| ४ | श्री वीर बहादुर घर्ती | सदस्य गाउँकार्यपालिका | |
| ५ | श्री राम बहादुर सिंह | सदस्य गाउँकार्यपालिका | |
| ६ | श्री बिष्णु बहादुर रावत | सदस्य गाउँकार्यपालिका | |
| ७ | श्री गोरख बहादुर थापा | सदस्य गाउँकार्यपालिका | |
| ८ | श्री डम्मर बहादु महतारा | सदस्य गाउँकार्यपालिका | |
| ९ | श्री विशाल किरण बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| १० | श्री योज्ञेन्द्र बहादुर सिंह | सदस्य गाउँकार्यपालिका | |
| ११ | श्री दान बहादु शाही | सदस्य गाउँकार्यपालिका | |
| १२ | श्री दील बहादुर नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १३ | श्री दिपक नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १४ | श्री कमला कामी | सदस्य गाउँकार्यपालिका | |
| १५ | श्री कल्पना नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १६ | श्री बिष्णु वि.क. | सदस्य गाउँकार्यपालिका | |
| १७ | श्री नैनी नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १८ | श्री डिनायट घर्ती | सदस्य सचिब गा.का.पा. | |

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/१०/१७ आ.ब. २०८०।८१ बैठक संख्या ०५

**प्रस्ताव तथा निर्णयहरु :**

१. १८ औं गाउँ सभाको अधिवेशन सम्बन्धमा।
२. गाउँ सभामा पेश हुने कानून सम्बन्धमा।
३. अस्थायी आवास निर्माण सम्बन्धमा।
४. वडा नं. ४ योजनाको नाम संशोधन सम्बन्धमा।
५. ल्याण्डफिल्ड साइडको क्षेत्र तोक्ने सम्बन्धमा।
६. अलग मानव घर अलग पशु घर कार्यक्रम सम्बन्धमा।
७. गाउँ कार्यपालिकाको निर्णयहरु गाउँ सभामा पेश गर्ने सम्वन्धमा।
८. रकमान्तर गर्ने सम्बन्धमा।
९. अस्थायी आवास संकेत सम्बन्धमा।
१०. नलगाड हाइड्रोपावरको मुआब्जा पाएका खालि जग्गाहरुको सम्वन्धमा।
११. कर्मचारी पुरस्कार सम्बन्धमा।
१२. अलग मानव घर अलग पशु घर कार्यक्रमको DPR सम्वन्धमा।

**निर्णय नं. १**

यस गाउँपालिकाको १८ औं गाउँ सभाको विधायन अधिवेशन मिति २०८० साल माघ २५ गते विहान ११ बजे वस्ने गरी अधिवेशन आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं २**

गाउँपालिकाको नियमित काम कारवाहीलाई व्यवस्थित गराउनको लागि विधायन समितिबाट पेश भएका तपसिल बमोजिमका विधेयक तथा कानूनहरु स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र. सं. | विधेयक तथा कानून | कैफियत |
|---|---|---|
| १ | बारेकोट गाउँपालिकाको औद्योगिक व्यवसाय विधेयक, २०८० | |
| २ | बारेकोट गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७६ को पहिलो संशोधन | |
| ३ | स्वास्थ्य आमा समूह कार्यविधि, २०८० | |
| ४ | बारेकोट गाउँपालिकाको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० | |
| ५ | बारेकोट गाउँपालिकाको फार्मेसी संचालन कार्यविधि, २०८० | |
| ६ | बारेकोट गाउँपालिकाको निजी स्वास्थ्य संस्था दर्ता, अनुमती तथा नविकरण सम्वन्धी निर्देशिका, २०८० | |
| ७ | बारेकोट गाउँपालिकाको एकीकृत कृषि स्रोत केन्द्र व्यवस्थापन कार्यविधि, २०८० | |
| ८ | बारेकोट गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्वन्धी कार्यविध, २०८० | |
| ९ | बारेकोट गाउँपालिकाको प्राइभेट फर्म दर्ता कार्यविधि, २०८० | |

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित
२०८०/१०/१६

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/१०/१७ आ.व. २०८०।८१ बैठक संख्या ०५

**निर्णय नं ३**

मिति २०८० साल कार्तिक १७ गते गएको भुकम्पबाट क्षति भएका घर परिवारहरुको लागि अस्थायी टहरा निर्माण गर्न बनेको अस्थायी आवास निर्माण अनुदान कार्यविधि २०८० (दोश्रो संशोधन मिति २०८०।०८।१०) अनुसार पहिलो किस्ता रकम भुक्तानी गर्नको लागि मिति २०८० साल माघ मसान्त भित्र भुक्तानी गरी दोस्रो किस्ताको लागि आवश्यक प्रक्रिया पूरा गरी जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं ४**

कार्यपालिकाको मिति २०८०।८।३० गतेको निर्णय नं. ५ मा बारेकोट गाउँपालिका वडा नं ४ मा आर्थिक बर्ष २०८०।०८१ मा विनियोजन गरेको जुम्क सडक खण्डको रकम रु २,५०,०००। (अक्षरुपी दुई लाख पचाँस हजार मात्र) वडा कार्यालय देखि एकीकृत बस्ती सम्म सडक निर्माण गर्न आवश्यक देखिएकाले सो रकम रकमान्तर गर्ने निर्णय भएकोमा उक्त निर्णयमा भगवती मावि देखि एकीकृत बस्ती सडक निर्माण योजना हुनु पर्नेमा वडा कार्यालय देखि एकीकृत बस्ती सम्म सडक निर्माण भएकोले योजनाको नाम संशोधन गरी भगवती मावि देखि एकीकृत बस्ती सडक निर्माण योजनामा संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

बारेकोट गाउँपालिकामा बढ्दो बजारीकरणका कारणले फोहोर दिन दिनै बढ्दै गएकाले यस्ता खालका फोहोरहरुलाई व्यवस्थापन गर्नको लागि फोहोर फाल्ने स्थल आवश्यक पर्ने भएकाले यस बारेकोट गाउँपालिका वडा नं २ को चिफलगौंरालाई तोक्ने निर्णय गरियो।

**निर्णय नं ६**

बारेकोट गाउँपालिकाको लोकप्रिय कार्यक्रम अलग मानव घर अलग पशु घर निर्माणको लागि पशु शाखालाई आवश्यक तथ्यांक संकलन गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ७**

आर्थिक बर्ष २०८०।०८१ को यस बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको विभिन्न समयमा बसेको बैठकले गरेका निर्णयहरु मिति २०८० साल माघ २५ गते बस्ने गाउँसभामा पेश गरी अनुमोदन गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

आर्थिक बर्ष २०८०।०८१ को वर्षिक स्वीकृत कार्यक्रमका तपसिल बमोजिमका शिर्षकहरुलाई गाउँपालिकाको आवश्यकताका आधारमा देहाय बमोजिमका शिर्षकहरुमा रकमान्तर गर्ने निर्णय गरियो।

तपसिल

| क्र. सं. | हालको शिर्षक | रकम | रकमान्तर गरिएको शिर्षक | रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरमा फोहर व्यवस्थापन | १,००,०००। | खारा बेलिब्रिज सामाग्री ढुवानी एवं लोडअनलोड खर्च | १०,००,०००। | विपद् व्यवस्थापनबाट रु ४,५०,०००। मात्र रकमान्तरण |
| २ | सबै वडामा फोहरमैला व्यवस्थापन खाडल निर्माण | ४,५०,०००। | | | |
| ३ | विपद् व्यवस्थापन | ७,००,०००। | | | |
| ४ | खोप सेवा कार्यक्रम | ३,००,०००। | पशु सेवा शाखा Side clearance एवम् शाखा व्यवस्थापन | ८०,०००। | |
| | | | पशु सेवा केन्द्र सेफोखोला शौचालय निर्माण | ६०,०००। | |
| | | | नेट जडान पशु सेवा केन्द्र सेफोखोला | ४०,०००। | |
| | | | ८ नं वडा कार्यालय बाइक मर्मत | ४०,०००। | |
| | | | कर्मचारी पुरस्कार एवं उत्प्रेरणा | ८०,०००। | |
| ५ | विनोदलाल स्मृति सामुदायिक वालविकास केन्द्र शौचालय निर्माण | ३,००,०००। | भगवती मावि देखि एकीकृत वस्ती सम्म सडक निर्माण वडा नं. ४ | ३,००,०००। | कुल जम्मा रु ५,५०,०००। कार्यपालिकाको मिति २०८०।०८।३० को निर्णय |

**निर्णय नं ९**

मिति २०८० साल कार्तिक १७ गते गएको भुकम्पबाट क्षती भएका घरधुरीहरुको लाभग्राहीहरुको अस्थायी आवास निर्मणको दोश्रो किस्ता भुक्तानी गर्नको लागि प्रत्येक वडाले नम्बरीङ्ग गर्ने र सो कार्यको लागि सम्बन्धित वडा प्राविधिकहरुलाई जिम्मेवारी दिने निर्णय गरियो।

बारेकोट गाउँपालिकाको
गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/१०/१७ आ.व. २०८०।८१ बैठक संख्या ०५

**निर्णय नं १०**

बारेकोट गाउँपालिका भित्र तपसिल वमोजिमका स्थानहरुमा रहेका नलगाड हाइड्रोपावरले मुआब्जा बुझाएका खालि जग्गाहरुलाई हाइड्रोपावरले प्रयोग नगररुन्जेल सम्म उक्त जग्गाहरु बारेकोट गाउँपालिका कृषि विकास शाखाले कृषि प्रयोजनमा लिने वा लिन लगाई कृषि उत्पादन वा उतपादकत्व वृद्धि गर्नको लागि प्रयोग गर्ने निर्णय गरियो।

**तपसिल**

| क.सं. | वडा नं. | स्थान | कैफियत |
|---|---|---|---|
| १ | ६ | घाट | |
| २ | २ | सिका जिउला | |
| ३ | ९ | खारी | |

**निर्णय नं ११**

गाउँ सभा एवं कार्यपालिकाबाट पुरस्कृत हुने कर्मचारीहरुलाई जनही रु १०,०००। (अक्षरुपी दश हजार मात्र) रकम पुरस्कार उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १२**

बारेकोट गाउँपालिकाको लोकप्रिय कार्यक्रम अलग मानव घर अलग पशु घर निर्माण कार्यक्रमको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्ने निर्णय गरियो।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित मिति २०८०/१०/१८

प्रमुख प्रशासकीय अधिकृत